**मिति २०७८ जेष्ठ ३१ गते (वि.सं. २०७८।२।३१) सोमबार तुलसीपुर उपमहानगरपालिका नवौ नगरसभाको प्रथम बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिका अन्तरतका बिषयगत समितिहरुको चालु आर्थिक बर्ष २०७७/०७८ को हाल सम्मको कार्यप्रगति विवरण तपसिल बमोजिमका बिषयगत समितिहरुबाट प्रस्तुत भई ब्यापक समिक्षा गर्दै सर्बसम्मतले पारित गरियो ।

**तपसिल**

क)सुशासन समिति ख)सामाजिक बिकास समिति ग) न्यायीक समिति घ) वातावरण तथा बिपद ब्यवस्थापन समिति ङ)बिधायन समिति च) आर्थिक समिति छ) पुर्बाधार समिति र ज) लेखा समिति

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब.को हाल सम्मको सबै १९ वटै वडाको भौतिक तथा बित्तिय प्रगति प्रतिवेदन उपर समिक्षा गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

तुलसीपुर उपमहानगरपालिकाका बिषयगत समितिलाई समावेशि गराउने निर्णय गरियो ।

निर्णय नं. ४

बर्षातको समयमा बिभिन्न वडाका बाटाहरु खाल्डाखुल्डी परि सवारी आवागमनमा बाधा पुगेको भनि सभाका सदस्यहरुबाट त्यस्ताबाटाहरु मर्मत गर्नु पर्ने भनि सुझाव प्राप्त भएकोले खाल्डाखुल्डी परेका त्यस्ताबाटाहरुको लगत संकलन गरी अबिलम्ब मर्मत गर्न यान्त्रीक शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८ असार ४ गते (वि.सं. २०७७१०३।४) शुक्रबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९औं नगरसभाको दोश्रो बैठकका निर्णयहरु :**

<u>निर्णय नं. १</u>

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७८/०७९को लागि नगर प्रमुख श्री
तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७८/०७९को लागि नगर प्रमुख श्री घनश्याम पाण्डेद्धारा प्रस्तुत नीति तथा कार्यक्रम सर्बसम्मतबाट पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २</u>

तुलसीपुर उपमहानगरपालिकाको ९ औं नगरसभाको तेश्रो बैठक मिति २०७८।३।१० गते दिनको १.०० बजे बस्ने निर्णय गरियो ।

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८ असार १० गते (वि.सं. २०७८।०३।१०) बिहिबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९औ नगरसभाको तेश्रों बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ को **बजेट तथा कार्यक्रम** मिति २०७८।३।१० गते बसेको ९औं नगरसभाको तेश्रो बैठकमा पेश गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ को **बिनियोजन बिधेयक,२०७७** मिति २०७८।३।१० गते बसेको ९औं नगरसभाको तेश्रो बैठकमा पेश गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिको आर्थिक बर्ष २०७७/०७८ को **आर्थिक बिधेयक,२०७७** मिति २०७८।३।१० गते बसेको ९औं नगरसभाको तेश्रो बैठकमा पेश गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**घनश्याम पाण्डे**
प्रमुख